# २४. श्री भवेश्वर पंगेनी

*[संवत् २०५० साल कार्तिक ४ गते रोज ४ का दिन आयोजित समारोहमा 'पाल्पामा प्रजातान्त्रिक आन्दोलनको सय दिन (वि.सं. २००७)' भन्ने ग्रन्थको लागि प्रदान गरिएको संवत् २०४८ सालको 'मदन पुरस्कार' त्यसका रचयिता श्री भवेश्वर पंगेनीले ग्रहण गरेपछि व्यक्त गर्नुभएको उद्‌गार। यो उद्‌गार 'नेपाली' त्रैमासिक अङ्क १३७ बाट उद्धृत गरिएको हो।]*

श्रद्धेय अध्यक्षज्यू, समारोहमा उपस्थित आदरणीय विद्वान् तथा विदुषीहरू !

नेपाली वाङ्‌मयको क्षेत्रमा संवर्द्धित तुल्याउने पवित्र आकाङ्क्षाले अभिप्रेरित भई स्वर्गीय मदनशमशेरका चिरस्मृतिमा 'मदन पुरस्कार गुठी'को स्थापना गर्ने स्वर्गीया रानी जगदम्बा कुमारीदेवीप्रति म सर्वप्रथम हार्दिक श्रद्धाभाव व्यक्त गर्दछु।

नेपाली वाङ्‌मयका विविध फाँटका साधनाशील परिश्रमी प्रतिभाहरू 'मदन पुरस्कार'बाट विगत करिब चार दशकदेखि प्रोत्साहित हुँदै आएका छन्। यसै क्रममा यस वर्षको 'मदन पुरस्कार' मेरो 'पाल्पामा प्रजातान्त्रिक आन्दोलनका सय दिन (वि.सं. २००७)' नामक कृतिलाई प्रदान गरिएको छ। यसनिम्ति म मदन पुरस्कार गुठीका अध्यक्ष एवं सदस्यहरू तथा सम्बन्धित विद्वान्‌हरूप्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु। मेरो पहिलो प्रकाशित पुस्तक नै यति गरिमामय पुरस्कारबाट पुरस्कृत हुनु निश्चय नै लेखनका क्षेत्रमा भरखरै बामे सर्न थालको मेरा निम्ति गौरवको विषय हुनु स्वाभाविकै हो। यस पुरस्कारले मेरो छातीलाई निकै फराकिलो तुल्याएको छ र भविष्यमा इतिहासको अध्ययन अनुसन्धानका क्षेत्रमा निरन्तर लागिरहन मलाई प्रेरणा दिएको छ।

ईसापूर्व पाचौं शताब्दीदेखि पश्चिमी ज्ञान-विज्ञानको केन्द्रविन्दुका रूपमा रहेको प्राचीन ग्रीसबाट वैज्ञानिका तरिकाले इतिहास लेखनको परम्परा स्थापित भएको हो। समयका अन्तरालमा पछिल्ला युगमा युरोपियन विद्वान्‌ले झन् बढी वस्तुवादी तथा वैज्ञानिक पाराले यस परम्परालाई अघि बढाउँदै ल्याए। फलस्वरूप इतिहासलाई मनोरञ्जनका निम्ति कपोलकल्पित रूपले लेखिने विषयवस्तुका रूपमा हेर्ने दृष्टिकोणमा परिवर्तन हुँदै आयो। यसै क्रममा इतिहासलाई विज्ञान र कलाको दोभानका रूपमा हेर्ने

अवधारणा स्थापित हुनपुग्यो। यस शताब्दीसम्म आइपुग्दा अब इतिहासका सामग्रीहरू प्रयोगशालाका परीक्षणहरूबाट सत्य र यथार्थ प्रमाणित भएका खण्डमा मात्र तिनका आधारमा इतिहास लेख्ने परम्परा स्थापित भइसकेको छ। यसबाट इतिहास कल्पनाका आधारमा लेखिने मनोरञ्जनको सामग्री मात्र नरहेर कुनै पनि राष्ट्रको पूर्वपरम्परा र त्यसको वास्तविक जीवनको अध्ययन गर्ने तथा त्यसबाट वर्तमानलाई मार्ग निर्देशन गरी भविष्यका लागि अनेक योजना बनाउनका निम्ति समेत नितान्त फलदायी हुने सामग्रीका रूपमा प्रतिष्ठित भइसकेको छ।

इतिहास लेखनका दृष्टिले हाम्रो पूर्वपरम्परालाई हेर्ने हो भने यहाँ मध्यकालसम्म पनि इतिहास लेखनको क्रम थालिएको पाइँदैन। त्यसबेला वंशावली, शिलापत्र आदिलाई नै इतिहासका रूपमा लिइन्थ्यो। आधुनिक कालमा आइपुगेपछि कतिपय विदेशी विद्वान्हरूले नेपाल आएका बखत आफूले देखेसुनेका आधारमा नेपालको राजनैतिक, सामाजिक, सांस्कृतिक, धार्मिक आदि विविध पक्षका विवरणको सँगालोका रूपमा पुस्तक प्रकाशन गर्ने उपक्रम थालियो। यसै क्रममा विलियम कर्कप्याट्रिकले ई.सं. १८११ मा लेखेका 'एन एकाउन्ट अफ दि किङ्डम अफ नेपाल' नामक कृतिलाई नै नेपालको इतिहासको पहिलो  पुस्तकका रूपमा लिइन्छ। यसरी नेपालको इतिहास लेखनको पूर्वपरम्परा आजभन्दा पुगनपुग दुई शताब्दीअघि थालिए तापनि झन्डै एक शताब्दीसम्म नेपाल आउने विदेशी विद्वान्हरूले नै नेपालको इतिहास लेखनका क्षेत्रमा कलम चलाए। यस दिशामा क्रियाशील हुने नेपालका प्रथम व्यक्तित्व पदमजंग राणा हुन्। उनले इ. सं. १९०९ मा 'लाइफ अफ महाराजा सर जंगबहादुर अफ नेपाल'नामक पुस्तक लेखी इतिहास लेखनको गोरेटो बसालेका थिए। त्यसपछि इतिहास लेखनतर्फ नेपाली विद्वानहरूले केही मात्रामा कलम चलाउन थाले तापनि नेपालको प्रजातान्त्रिक परिवर्तन (२००७) पछि मात्र स्वतन्त्र रूपले इतिहास लेख्ने कार्य प्रारम्भ भएको हो। यसबेलासम्म पनि प्राय: नेपाली इतिहासकारहरू विदेशी विद्वान्हरूले तयार पारेका सामग्रीमा आधारित रहनुपर्ने स्थिति थियो। यसपछिका दशकहरूमा मात्र प्राथमिक स्रोत-सामग्रीको अध्ययन गरी यथार्थ र वस्तुगत इतिहास लेखनको कार्य आरम्भ हुन थालेको हो। यसै पृष्ठभूमिमा २००७ सालको प्रजातान्त्रिक परिवर्तनपछि स्वदेशी तथा विदेशी विद्वान्हरू व्यक्तिगत एवं संस्थागत रूपमा अनुसन्धान कार्यमा अझ बढी जुटन् थालेका हुन्। इतिहास लेखनका क्षेत्रमा पछिल्लो समयावधिमा प्रशस्त कार्यहरू भएका छन् र ती प्रशंसनीय पनि छन्। तर यति हुँदा हुँदै पनि अझैसम्म सिङ्गो नेपाल र यहाँका सबै क्षेत्र, जाति, भाषा-भाषी, धर्मावलम्बीहरूको विस्तृत इतिहास तयार हुन सकेको छैन। अझ तुलनात्मक रूपमा क्षेत्रीय इतिहास लेखनको फाँट बाँझो नै रहेको छ भने पनि हुन्छ।

म इतिहासमा रुचि राख्ने विद्यार्थी भएकाले यहाँ सांस्कृतिक, धार्मिकलगायत क्षेत्रीय इतिहास लेखनबाट मात्र मुलुकको सिङ्गो इतिहास तयार हुन सक्छ भन्ने

ठान्दछु । यही अवधारणाबाट प्रेरित भएर नै मैले ऐतिहासिक 'मगरात राज्य पाल्पा' बाट आफ्नो अध्ययन थालेको हुँ । यसनिम्ति मैले मेरा श्रद्धेय गुरुहरू डा. तुलसीराम वैद्य, डा.त्रिरत्न मानन्धर तथा श्री हेमन्तशमशेर राणाबाट पाएको प्रोत्साहन अरू मेरा निम्ति मार्गदर्शक रहेको छ । उहाँहरूकै प्रेरणाबाट मैले सर्वप्रथम नेपालमा एकीकरणको सन्दर्भसहित २००७ सालसम्मको पाल्पाको राजनैतिक इतिहास लेख्ने कार्य पूरा गरे तापनि अद्यावधि सो कृति प्रकाशित गर्न सकेको छैन । आज पुरस्कृत मेरो कृति त्यही श्रृङ्खलाको दोस्रो कडी हो । प्रस्तुत पुस्तकमा मैले यसअघि गर्भमा लुकेका बहुमूल्य ऐतिहासिक सामग्रीहरू सङ्कलन गरी तिनैको विवेचना गर्ने जमर्को गरेको छु । यसबाट पाल्पामा सम्पन्न प्रजातान्त्रिक आन्दोलन र त्यसपछिका सय दिनको आधिकारिक इतिहास तयार होस् भन्ने मेरो दृष्टिकोण रहेको छ ।

मगरात राज्यका रूपमा पृथक् पहिचान भएको पाल्पा राज्य सेनवंशका शासनकालमा निकै शक्तिशाली थियो । फलस्वरूप नेपाल एकीकरणका सिलसिलामा नायब वहादुर शाहले आफूलाई सहयोग गर्ने र पाल्पा राज्यलाई नेपालमा गाभ्ने प्रयास नगरी उल्टै पाल्पालाई उपहार स्वरूप केही विजित राज्यसमेत दिएका थिए । एकीकरणपछि पनि पृथक् राज्यका रूपमा रहेको पाल्पालाई वि.सं. १८६३ मा मात्र पूर्णरूपले एकीकृत वृहत् नेपालमा गाभियो । सुदूर पश्चिमी क्षेत्रको एकीकरणपछि त्यहाँको प्रशासन केन्द्रबाट सोझै सञ्चालन गर्नु सम्भव नभएकाले पाल्पालाई नै एकीकृत नेपालको पश्चिमी क्षेत्रको केन्द्रका रूपमा प्रयोग गर्न थालियो । फलस्वरूप एकीकृत नेपालमा गाभिए तापनि पाल्पाले मुलुकको राष्ट्रिय राजनीतिमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आयो । एकीकरणपछि पाल्पाको प्रशासन सञ्चालनका लागि मुख्तियार, काजी, कमान्डर-इन-चीफ, जनरल जस्ता उच्च पद पाइसकेका भारदार हरूलाई समेत पठाइन्थ्यो । त्यसै गरी पाल्पा आफ्ना निम्ति बाधक बन्न सक्ने भाइ भतिजाहरूलाई तत्कालीन प्रधानमन्त्रीहरूले पदच्युत गरी लखेट्ने थलो पनि बन्न पुग्यो । आफ्नै दाजु तथा काकाहरूबाट पाल्पा लखेटिनेहरूमा बद्रीनरसिंह, खड्गशमशेर तथा रूद्रशमशेर उल्लेख्य रहेका छन् । उनीहरूलाई पदच्युत गरी गौंडाको तैनाथी दिएर पाल्पा लखेटिएको थियो ।

यही पृष्ठभूमिका रूद्रशमशेरको पाल्पा आगमनसँगै यहाँ बढ्दै गएको शैक्षिक जागरण, भारतीय राष्ट्रिय आन्दोलनको प्रभाव, रूद्रशमशेरको राजनैतिक संलग्नता, मुलुकको राष्ट्रिय राजनीतिमा बढ्दै गएको राणाविरोधी गतिविधि जस्ता प्रत्यक्ष-परोक्ष घटनाहरूबाट पाल्पाको जनमानस प्रजातन्त्र प्राप्तिका लागि आन्दोलित हुन पुगेको थियो । प्रजातान्त्रिक आन्दोलनको वातावरण तयार गर्ने सन्दर्भमा २००७ सालको वर्षायाममा श्री विश्वेश्वरप्रसाद कोइराला पाल्पा जानु, रूद्रशमशेरलाई नजरबन्द गरिनु, देशका विभिन्न भूभागमा आन्दोलन सफल हुँदै जानु, पाल्पाली जनता र

सेनाका जवानसमेतबाट आन्दोलनको समर्थन हुनु जस्ता घटनाक्रमबाट पाल्पामा पनि २००७ साल पौष १८ गते प्रजातान्त्रिक आन्दोलन थालियो र दुई दिनमा नै सो आन्दोलन सफल पनि हुन पुग्यो। फलस्वरूप पौष २१ गते साँझ जनसरकार गठन गरियो। सोही जनसरकार गठनको सन्दर्भलाई लिएर नेतृत्वबीच मतमतान्तर भएकाले अन्ठानब्बे दिनका कार्यकालमा तीनपटकसम्म जनसरकारको गठन-पुर्नगठनका कार्यहरू सम्पन्न भए। पाल्पामा प्रजातान्त्रिक आन्दोलन र त्यसपछिका सय दिनमा घटेका उपर्युक्त घटनाक्रमहरूलाई नै यस कृतिमा समेट्ने प्रयास गरिएको छ। यसमा आन्दोलनसँग प्रत्यक्ष वा परोक्ष रूपमा संलग्न महानुभावहरूबाट प्राप्त जानकारी र प्रकाशित तथा अप्रकाशित सामग्रीसमेतको अध्ययन गरी तथ्य र सत्यको नगिच पुग्ने प्रयास गरिएको छ। यसबाट मैले वि.सं. २००७ सालमा नेपालका अरू भू-भागमा लडिएका प्रजातान्त्रिक आन्दोलनका बारेमा पनि वसतुगत अध्ययन-अनुसन्धान गर्ने परम्पराको थालनी हुनेछ भन्ने आशा एवम् विश्वास लिएको छु। वास्तवमा भनूँ भने, आन्दोलनका क्षेत्रीय इतिहासको अलावा २००७ सालको क्रान्तिको समष्टि रूपमा देशव्यापी ऐतिहासिक विशलेषणात्मक अध्ययन हुन सके झन् राम्रो हुने थियो कि भन्ने मलाई लागेको छ।

अन्तमा, मलाई राष्ट्रको गरिमामय पुरस्कार 'मदन-पुरस्कार' बाट पुरस्कृत गर्नुभएकोमा म फेरि पनि मदन पुरस्कार गुठी परिवारप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु। यस पुरस्कार र सम्मानले मलाई भविष्यमा अझ अध्ययन-अनुसन्धान कार्यमा जुटिरहन ठूलो हौसला तथा प्रेरणा प्राप्त भएको छ।

धन्यवाद !

☒ ☒ ☒